
# स्वच्छ, सुखी, समुन्नत प्रदेश

## आम निर्वाचन-२०७९

## प्रतिबद्धता-पत्र




**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

**प्रदेश कमिटी, प्रदेश नं. १**

**विराटनगर**

# हाम्रो आह्वान



समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने महान अभियानमा सार्थक योगदान गर्न नेकपा (एमाले) प्रदेश नं. १ प्रदेश कमिटी कृत सङ्कल्पित छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन अगामी मंसिर ४ गते सम्पन्न हुन गइरहेकोछ । नेकपा(एमाले)बाट निर्वाचित सरकारले गर्ने मूलभूत कामका विषयहरू यो प्रतिबद्धता-पत्र मार्फत जारी गरिएको छ। लोकतान्त्रिक आचरण र मर्यादालाई कायम राखी स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको गुरूत्वर दायित्वमा सामेल भएर सार्थक योगदान गर्नु आज हामी सबैको प्रमुख अभिभारा हो । प्रतिनिधिसभा र प्रदेशसभाको आसन्न निर्वाचनमा नेकपा(एमाले) को सूर्य चुनाव चिन्हमा मतदान गरी सूर्य ध्वजावाहक उमेद्वारहरूलाई अत्यधिक बहुमतले विजयी गराउन हार्दिक अनुरोध छ ।

मितिः २०७९ मंसिर १९ गते

**तुलसीप्रसाद न्यौपाने**
अध्यक्ष
नेकपा (एमाले)
प्रदेश कमिटी, प्रदेश नं. १

## १. पृष्ठभूमिः

आगामी मंसिर ४ गते हुन गईरहको प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचनमा नेकपा (एमाले) प्रतिस्पर्धामा उत्रिएको छ। गत निर्वाचनमा बहुमत ल्याएर सरकारको नेतृत्व गरेको एमालेले आगामी चुनावपछि पनि प्रदेश नं. १ को सरकारको नेतृत्व गर्ने लक्ष्य लिएको छ। यसर्थ प्रदेश सरकार बनाएपछि गर्नसक्ने कामका प्रतिबद्धताहरूलाई समेटेर यो प्रतिबद्धता-पत्र तयार गरिएको छ। यसमा उल्लेखित विषयहरूलाई चुनावपछि बन्ने नेकपा (एमाले)को सरकारबाट सम्बोधन गर्ने लक्ष्य लिएको छ। यी प्रतिबद्धताका साथ एमालेका उम्मेदवारहरू जनताका बीचमा गई सूर्य चिन्हमा मतदान गर्न अनुरोध गरिरहेका छन्।

नेकपा (एमाले)ले विगतमा साढे तीन वर्ष संघ र प्रदेश सरकारको नेतृत्व गरेको थियो। राम्रा र जनपक्षीय काम गरिरहेको एमालेको सरकारलाई सर्वोच्च अदालतको परमादेशबाट अपदस्त गरी दक्षिणपन्थी गठबन्धनको सरकार छ। एमालेको नेतृत्वको सरकारले सुरु गरेका प्रदेश गौरवका आयोजनासहित धेरै परियोजनाहरू अहिलेको अलपत्र छन्। गठबन्धन सरकार आउनासाथ पत्रकारको व्यावसायिक हितका लागि स्थापना गरिएको प्रादेशिक सञ्चार प्रतिष्ठान खारेज गर्‍यो। कोभिड-१९ बाट संक्रमित भई सिकिस्त भएका र मृत्युको मुखमा पुगेका एवम् कडा रोग लागेका पत्रकारहरूलाई आर्थिक सहयोग गरिरहेको बेला प्रतिष्ठान नै खारेज गरियो। त्यति मात्र होइन प्रदेश सरकारले जनतासँग मुख्यमन्त्री कार्यक्रम र कोभिड-१९को राहतस्वरुप सञ्चार माध्यमलाई सहयोग गरेको थियो। 'म अघि बढ्छु' कार्यक्रम अन्तरगत सञ्चालित सगरमाथा टिन्स क्लब खारेज गर्‍यो। कोशी रिफ्रेसमेन्ट सेन्टर लगायतका प्रदेश गौरवका परियोजनाहरू बन्द गरेको छ। त्यसको बदलामा प्रदेशको गठबन्धन

सरकारले कुनै उल्लेख्य काम गरेन । बरू सातवटा मन्त्रालयलाई बढाएर १४ बनाई प्रशासनिक खर्चमा व्यापक बढोत्तरी गरेको छ । यसबाट विगतमा सञ्चालित अनेकौ विकास अभियानहरू प्रभावित भएका छन् ।

नेकपा एमाले विगतमा थालनी गरेका असल कामलाई निरन्तरता दिँदै सिर्जनशील नयाँ योजनाका साथ अगाडि बढ्ने अठोट गर्दछ । निर्वाचनपछि नेकपा एमालेको नेतृत्वमा संघ र प्रदेशको सरकार बन्नेछ । त्यस सरकारमार्फत प्रदेशलाई आत्मनिर्भर बनाउने दूर दृष्टिका **आत्मनिर्भर प्रदेश, समृद्ध देश** भन्ने नाराका साथ काम गरिनेछ । अर्थात, प्रदेश नं. १ लाई आत्मनिर्भर बनाउँदै समृद्ध नेपाल सुशी नेपालीको राष्ट्रिय अठोट पूरा गर्न उल्लेख्य योगदान गर्ने मूलभूत उद्देश्यका साथ यो प्रतिबद्धतापत्र जारी गरिएको छ ।

## २. प्रदेश नं. १ परिचय :

प्रदेश नं. १ नेपालको मानचित्रमा सबैभन्दा पूर्वी भागमा अवस्थित छ । यसको पूर्वी सिमाना भारतको पश्चिम बंगाल राज्य, पश्चिम नेपालको मधेश र बागमती प्रदेश तथा उत्तरमा चीनको तिब्बत प्रान्त रहेको छ । हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्र समेटिएको यो प्रदेशमा प्रत्यक्ष निर्वाचनका लागि २८ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ५६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेको छ । विराटनगर प्रदेशको राजधानी हो । प्रशासनिक संरचना अनुसार यस प्रदेशमा १४ जिल्लाहरू र१३७ वटा स्थानीय तहहरू छन् । महानगरपालिका १, उपमहानगरपालिका २, नगरपालिका ४६ र गाउँपालिका ८८ वटा छन् ।

- वि.सं. २०७८ को जनगणना अनुसार यस प्रदेशमा ४९ लाख ७२ हजार ०२१ मानिसहरू १९२ प्रतिवर्ग किमि जनसङ्ख्याको दरले बसोबास गर्छन् । जनसंख्या वृद्धिका हिसाबले हिमाली जिल्ला संखुवासभा,पहाडी जिल्ला उदयपुर र तराईका झापा,

मोरङ र सुनसरीमा वृद्धिदर रहेको छ भने बाँकी नौ जिल्लाको जनसंख्या घट्दो अवस्था छ।[1]

- धार्मिक आधारमा ६७ प्रतिशत हिन्दु, १७ प्रतिशत किराँत, ९.२ प्रतिशत बौद्ध, ३.६ प्रतिशत इस्लाम, १.७ प्रतिशत इसाइ र १.३ प्रतिशत प्रकृति धर्म मान्नेहरू रहेका छन्।[2]
- यस प्रदेशमा ९३ वटा मातृभाषा बोलिन्छन्। यस प्रदेशमा बोलिने प्रमुख पाँच मातृभाषाहरूमा नेपाली (४२.७ प्रतिशत), मैथिली (११.२ प्रतिशत), लिम्बु (७.३ प्रतिशत), थारू (३.९ प्रतिशत) र बान्तवा (२.९ प्रतिशत) रहेको छ। यी पाँच भाषाभाषीको संख्या ६७ प्रतिशत र बाँकी ८७ भाषाभाषीको संख्या ३३ प्रतिशत रहेको छ।
- जातीय आधारमा नेपालका १२५ जातिहरू मध्ये यस प्रदेशमा १२२ जातजातिको बसोबास छ। यस प्रदेशमा क्षेत्री र बाहुनहरू (२६.९ प्रतिशत) सबैभन्दा बढी छन्। त्यसपछि क्रमशः राई ११.३ प्रतिशत, लिम्बु ८ प्रतिशत र तामाङ ४.७ प्रतिशत रहेका छन्। एक प्रतिशतभन्दा बढी जनसंख्या भएका १९ जातिहरूको जनसंख्या ८२ प्रतिशत रहेको छ।
- अपाङ्गताको आधारमा यस क्षेत्रका पुरूष २.४ प्रतिशत र महिला १.८ प्रतिशत गरी कुल २.१ जनसंख्यामा कुनै न कुनै किसिमको अपाङ्गता भएको पाइएको छ।
- हिमाली जिल्ला सोलुखुम्बु,संखुवासभा र ताप्लेजुङ जाडो, उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलामसहित आठ जिल्लामा कहिले जाडो कतिबेला चिसो हुन्छ भने तराईका झापा, मोरङ र सुनसरी गर्मी जिल्लाहरू हुन्। औसत तापक्रम तराई तथा शिवालिकको २०-२५ डि.से., मध्य तथा उच्च पहाडी क्षेत्रको १०-२० डि.से. र हिमाली क्षेत्रमा १० डि.से. र सो भन्दा कम रहने गरेको छ।

१ जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन

२ प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग प्रदेश नं.१

- भौगोलिक क्षेत्रको आधारमा प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग किमीको ४०.२९ प्रतिशत हिमाल,३३.५३ प्रतिशत पहाड, ७.९६ प्रतिशत भित्री मधेश र १८.२१ प्रतिशत तराईमा पर्दछ। प्रदेश सभाका ५६ निर्वाचन क्षेत्रमध्ये हिमालमा ६, पहाडमा २० र तराईमा ३० वटा निर्वाचन क्षेत्र पर्दछन्। यसको आधा संख्यामा प्रतिनिधिसभाको लागि रहेको छ।
- पर्यटन यस प्रदेशको महत्वपूर्ण क्षेत्र हो। विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा यस प्रदेशमा रहेको छ। आठ हजार मिटरभन्दा माथिको ६ वटा हिमालहरू यसै प्रदेशमा रहेका छन्। हरेक वर्ष हिमाल आरोहण गर्न पर्यटकको घुइँचो लाग्ने गर्दछ। धार्मिक पर्यटनको लागि पाथीभरा देवीको मन्दिर पनि यही प्रदेशमा रहेको छ। त्यस्तै हलेसी महादेव, बराह क्षेत्र, दन्तकाली, पिण्डेश्वर, विष्णुपादुका यस प्रदेशका प्रसिद्ध धार्मिक स्थलहरू हुन्। विश्व सम्पदा सूचीमा रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज पनि यही प्रदेशमा पर्दछ। प्रदेश १ को क्षेत्रीय विमानस्थल विराटनगरलाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ। पर्यटनको प्रचुर सम्भावना भए पनि प्रदेशको ग्राहस्थ्य उत्पादनमा २ प्रतिशत मात्र योगदान रहेको छ। यहाँ ५७ प्रतिशत आन्तरिक र ४३ प्रतिशत बाह्य पर्यटक आउने गरेको पाइएको छ। यस प्रदेशमा पर्यावरण अनुकूल पर्यटकीय गन्तव्य १३ वटा र ट्रेकिङ ट्रेल १० वटा रहेका छन्। यसबाट रोजगारी सिर्जना ३२ हजार रहेको छ।
- कृषि उत्पादनमा यो प्रदेश अत्यन्त सम्भावनायुक्त छ। नेपालको कुल उत्पादनमा ९९.२ प्रतिशत चिया यही प्रदेशमा उत्पादन र प्रशोधन हुन्छ। हाल उपलब्ध ७ लाख ८३ हजार हेक्टर खेतीयोग्य जमिन मध्ये ३ लाख २२ हजार (३८.६ प्रतिशत) जमिनमा सिञ्चाइ सुविधा पुगेको छ। राष्ट्रिय उत्पादनमा यस प्रदेशले अलैचीमा ९४.२, अदुवामा ३४.८,आलुमा ३३.१, मकैमा

२८.३, धानमा २१.५, दुधमा २०.७ र गहुँमा १०.२ प्रतिशत योगदान गरिरहेको छ ।

- यस प्रदेशको मानिसहरूको अपेक्षित आयु ७०.७ वर्ष र साक्षरता प्रतिशत ७१.२ रहेको छ । यहाँ ५४९८ सामुदायिक र १२२३ सस्थागत गरी ६७२१ विद्यालयहरू छन् । यसै प्रदेशमा रहेका दुईवटा सहित पाँच वटा विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरू यहाँ छन् । विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या बढ्दो क्रममा छ । पछिल्लो समयमा विराटनगर शैक्षिक तथा स्वास्थ्य हबका रूपमा विकास भइरहेको अवस्था छ । यस प्रदेशमा शिक्षण अस्पताल ३, सरकारी अस्पताल १८, प्राथमिक स्वास्थ्य केन्द्र १९८ र स्वास्थ्य चौकी ६४८ वटा रहेका छन् ।
- यस प्रदेशको ४३.३ प्रतिशत भूभाग वनले ढाकेको छ । जसमध्ये २३४४९ हेक्टर क्षेत्रफलमा दिगो वन व्यवस्थापन भएको छ । यहाँ ३६४५ सामुदायिक वन, ९४२ कबुलियत वन, ३९ धार्मिक र २०१४ निजी वन रहेका छन् । जैविक विविधता भएको वन क्षेत्र ६१३६ वर्ग किलोमिटर छ । वर्षेनि २५५० मे.ट. जडिबुटी र गैरकाष्ठ वन पैदावर उत्पादन हुने गरेको छ । यहाँ वनमा आधारित ५१० वटा जडिबुटी प्रशोधन र भण्डारण उद्योग र ३११ वटा एकीकृत जलाधार व्यवस्थापन भएका क्षेत्रहरू छन् ।
- मुलुकको कुल ग्राहस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १५.७ प्रतिशत रहेको छ । त्यसमा औद्योगिक क्षेत्रको १७.३२ प्रतिशत, कृषि क्षेत्रको ३३.५८ प्रतिशत र सेवा क्षेत्रको योगदान ४९.१ प्रतिशत रहेको छ । यो योगदान बागमती प्रदेशपछि सबैभन्दा धेरै हो ।[३]
- यस प्रदेशमा कम्तीमा १३१२९ किमि सडक सञ्जाल रहेकोमा कालोपत्रे ८४६, कच्ची ९६९५ र ग्राभेल २५८८ किमि रहेको

३ स्रोत: प्रदेश योजना आयोग ।

छ । यस प्रदेश भएर जाने लोकमार्गहरू उत्तरदक्षिण मेची, कोशी र सगरमाथा राजमार्ग तीनवटा र पूर्वपश्चिम हुलाकी, महेन्द्र, मदनभण्डारी र मध्यपहाडी लोकमार्ग चारवटा गरी कुल सातवटा रहेका छन् । प्रदूषण परीक्षण केन्द्र ६ वटा र झोलुङ्गे पुल १७१५ वटा छन् ।

- एक औद्योगिक करिडोर रहेको यस प्रदेशमा ठूला र मझौला उद्योगहरू ६७३ वटा रहेका छन् । स्थानीय कच्चा पदार्थमा आधारित उद्योग २० प्रतिशतको हाराहारीमा रहेका छन् । यी मध्येसाना ७३, मध्यम ३० र ठूला २२ गरी १२५ उद्योगमा वैदेशिक लगानी कुल १०२४ करोड रूपैयाँ रहेको छ । तिनमा १४,९१८ जनाले रोजगारी पाएका छन्, जबकि प्रदेशभरिमा कुल रोजगारीको संख्या ६७,४८० रहेको छ ।
- जलविद्युतका लागि यो प्रदेश समृद्ध छ । कुल ३४ हजार मेघावाट संभावना भएको भए पनि हालसम्म ३२७ मे.वा. मात्र उत्पादन रहेको छ । हालको आवश्यकता पूरा गर्नका लागि अझै १२९ मे.वा.कमी रहेको छ । कुल जनसंख्याको ९८ प्रतिशतले विद्युत सुविधा उपभोग गरिरहेका छन् । हाल ११ वटा प्लान्ट चालु छन् भने ४० वटा जल विद्युत आयोजना निर्माणाधीन अवस्थामा छन् । राष्ट्रिय विद्युत उत्पादनमा प्रदेश १को योगदान १६.१६ प्रतिशत रहेको छ ।

## ३. प्रदेशको विकासका मुख्य एजेन्डाहरू

३.१ प्रदेश नं. १ लाई आत्मनिर्भर प्रदेश बनाउने

३.२ नेपालको संविधानले प्रदेशलाई दिएका अधिकारहरूलाई प्रदेश सरकार अन्तरगत ल्याउने

३.३ प्रदेशको नामकरण गरी अत्याधुनिक सुविधा सहितको प्रदेश राजधानीको भौतिक संरचना बनाउने

३.४ औद्योगिक नगरी विराटनगरलाई आर्थिक राजधानीमा रुपान्तरण गरिने

३.५ मन्त्रालयबाट दिइने सेवाहरू जिल्ला जिल्लाबाटै प्रदान गर्ने व्यवस्था गरिने

३.६ शासन प्रणालीमा सुशासन, पारदर्शिता र आर्थिक अनुसाशन कायम गरिने

३.७ पहाडी र हिमाली जिल्लामा विभिन्न अवसर सिर्जना गरेर बसाइसराइको दर घटाउने

३.८ हिमालय पर्वत श्रृङखलामा छोटो मार्गबाट पर्यटक पुऱ्याई आम्दानी बढाउने

३.९ कोशी नदी प्रणाली र यसको पानीलाई बहुउपयोगमा ल्याउने

३.१० प्रदेश नं.१ लाई नेपालको महत्वपूर्ण प्रवेशद्वार (Gateway) का रूपमा विकास गर्ने

३.११ विराटनगर विमानस्थललाई शीत भण्डारसहितको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउने

३.१२ प्रदेश स्तरीय खुला चिडियाघर (Open Zoo) सञ्चालन गरिने

३.१३ जलवायु परिवर्तन र वातावरण अनुकुलका विकास कार्यक्रम अगाडि बढाउने

३.१४ वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा युवा वैज्ञानिकको सहभागिता बढाउने

३.१५ कृषि/पशुपालनको आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने

३.१६ मानव संसाधनको विकासका लागि प्राविधिक र उद्यमशीलतामा आधारित शिक्षाको प्रबन्ध गरिने

३.१७ तिनजुरे-मिल्के-जलजले क्षेत्रमा पाइने लालिगुराँसको संरक्षण र सम्बर्द्धन गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरिने

३.१८ प्रदेश नं. १ का उपयुक्त स्थानमा अन्तराष्ट्रिय स्तरको चिकित्सा शिक्षा र विशिष्टीकृत स्वास्थ्य उपचारको सेवा उपलब्ध गराउन आवश्यक नीति निर्माण र प्रबन्ध गर्ने

३.१९ मुन्धुम ट्रेललगायत प्रदेश नं. १ का विभिन्न ठाउँमा दक्षिणदेखि उत्तरको पदमार्ग निर्माण गरी होमस्टेसहितका पर्यटन केन्द्रहरू विकास गर्ने

३.२० उदयपुरलाई क्लिङ्करसहितको सिमेन्ट करिडोरको रूपमा विकास गर्ने

३.२१ अरुण उपत्यकालाई जडिबुटी हबका रूपमा विकास गर्ने

३.२२ शहीदभूमि, वीरभूमि र ऐतिहासिक भूमिका रूपमा परिचित स्थानलाई नमूना केन्द्रका रूपमा विकास गर्ने

३.२३ संरक्षण क्षेत्र र आरक्षित क्षेत्रको गुरु योजना बनाई प्रबर्द्धन गर्ने

३.२४ बृहत् विराट क्षेत्र सम्बन्धी ऐन कार्यान्वयनमा ल्याउने

३.२५ नागरिकको चेतना र नेतृत्व विकास गर्ने तथा विकासको प्रतिफलले गरिबी घटाउँदै जाने

३.२६ प्रदेश गौरवका आयोजनाहरूलाई प्राथमिकताका साथ पूरा गर्ने

## ४. हाम्रा प्रादेशिक प्रतिबद्धताहरू

**४.१ शासनप्रणालीमा सुधारः** सार्वजनिक प्रशासनलाई पारदर्शी, सहभागितामूलक, जवाफदेही तथा छरितो बनाई आम नागरिकलाई उत्तरदायी सेवा उपलब्ध गराउन शासान प्रणालीमा सुधार गरिनेछ ।

४.१.१ आर्थिक अनुशासन कायम गरिनेछ । भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइनेछ ।

४.१.२ जनप्रतिनिधि र राष्ट्रसेवकले जनतालाई सम्मान गर्ने जनपक्षीय व्यवहारशैली अवलम्बन गरिनेछ । ४.१.३ नागरिकको गुनासो सम्बोधन गर्न गुनासो सुनुवाइ डेस्क निर्माण गरी एप, एसएमएस तथा टोलफ्री नम्बरको प्रयोगबाट गुनासो सुन्ने परिपाटी बसाइनेछ ।

४.१.४ प्रदेशले अध्ययन, अनुसन्धान, अभिलेखन, सहजीकरण, समन्वय र अनुगमन गर्नेछ । यसका काम कारवाही नागरिक चेतना र उत्तरदायी राज्य व्यवस्थाको सिद्धान्त अनुरूप हुनेछ ।

४.१.५ नागरिक अधिकारका सबै आयामहरू जस्तै उपभोक्ता हित, नागरिकको मर्यादा, स्वतन्त्रता र सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

**४.२ पहाडी व्यापारिक केन्द्रहरू:** पहाडी र हिमाली जिल्लाहरूबाट बसाइसराइ रोक्न मध्य पहाडी लोकमार्गका महत्वपूर्ण स्थानमा व्यापारिक केन्द्र स्थापना गरिनेछ। जलविद्युत र विभिन्न उद्योगहरू स्थापना गरी रोजगारी र स्वरोजगारीको अवसर सिर्जना गरिनेछ। गाउँलाई उत्पादन, प्रशोधन र भण्डारण केन्द्र एवम् सहरलाई बजारीकरण र ब्राण्डिङ्को केन्द्र बनाइनेछ। यी दुवै कामका लागि आधुनिक र वैज्ञानिक सहरीकरण योजना सञ्चालन गरिनेछ।

**४.३ आर्थिक विकास:** प्रदेशको आर्थिक मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई उद्योग र सेवा क्षेत्रसँग जोड्दै समग्रमा कृषि क्षेत्रको योगदान २९ प्रतिशत र उद्योग क्षेत्रको योगदान २२ प्रतिशत पुऱ्याइनेछ। उद्योग क्षेत्रको वृध्दिदर १४, कृषि क्षेत्रको ६ र सेवा क्षेत्रको १०.प्रतिशत भन्दा बढी वृद्धि दर कायम गरिनेछ। हालको निरपेक्ष गरिबी १२.४ प्रतिशत र बहुआयामिक गरिबीको १९.७ प्रतिशतलाई क्रमशः घटाउँदै लगिनेछ।

**४.४ पर्यटन :**

४.४.१ पर्यटकहरूलाई सगरमाथा बेसक्याम्प जानेछोटो जल तथा स्थलमार्ग पहिचान र निर्माण गरी सञ्चालन गरिनेछ। संघीय राजधानीसँग यस प्रदेशलाई जोड्नेछोटो जलमार्गको सम्भाव्यता अध्ययन गरिनेछ।

*माउन्टेनियरिङ प्रशिक्षण प्रतिष्ठान स्थापना गरी उच्च पहाडी र हिमाली क्षेत्रमा रहेका सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षण*

४.४.२ हिउँ खेल्ने र हिमाली क्षेत्रको जनजीवन अध्ययन गर्नेहरूका लागि सहज बनाइनेछ।

४.४.३ सोलुखुम्बुमा माउन्टेनियरिङ प्रशिक्षण प्रतिष्ठान स्थापना गरी उच्च पहाडी र हिमाली क्षेत्रमा रहेका

सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षणको उपाय खोजिनेछ । हिमाल आरोहण गर्न चाहने स्वदेशी तथा विदेशी नागरिकलाई तालिम प्रदान गरी आम्दानी बढाइनेछ ।

४.४.४ गन्तव्य पर्यटनका लागि इलाम-रोङ-सूर्योदय, 'भेडेटार-नाम्जे' र 'तिनजुरे-मिल्के-जलजले' सँग जोडिएका सातवटा पालिकाहरूको क्लस्टर बनाएरएकीकृत पर्यटन प्रबर्द्धन गरिनेछ। पर्यटकीय क्षेत्रहरूमा पाहुनाको बासको लागि होमस्टेलाई प्रबर्द्धन गरिनेछ । होमस्टेबाट स्थानीय संस्कृतिको प्रचार र स्थानीय उत्पादनको प्रबर्द्धन गरिनेछ ।

४.४.५ हलेसी, बराह क्षेत्र, विष्णुपादुका, विजयपुर, पिण्डेश्वर आदिको धार्मिक-सांस्कृतिक सर्किट बनाई एकीकृत विकास गरिनेछ । ताप्लेजुङ्को पाथीभरा, संखुवासभाको सभापोखरी र सिद्धकाली तथा इलामको लारुम्बालाई धार्मिक पर्यटन गन्तब्यका रूपमा विकास गरिनेछ ।

*धार्मिक-सांस्कृतिक सर्किटको एकीकृत विकास*

**४.५ जलस्रोत:** कोशी नदी प्रणाली यस प्रदेशको महत्वपूर्ण सम्पदा हो । कोशी नदीको पानीलाई सिञ्चाइ, पिउनेपानी, विद्युत उत्पादन, जलचर संरक्षण तथा मत्स्य उत्पादन, जलपरिवहन र जलविहारका लागि उपयोग गरिनेछ ।

*नदी डाइभर्सनबाट स्वच्छ खानेपानी, विद्युत उत्पादन र पर्यटन प्रवर्द्धन*

४.५.१ नदी डाइभर्सनबाट झापा, मोरङ र सुनसरी जिल्लाका बासिन्दाका लागि स्वच्छ खानेपानीको दीर्घकालीन व्यवस्थापन गरिनेछ। डाइभर्सन क्षेत्रमा विद्युत उत्पादनर पर्यटन प्रबर्द्धन गर्नुका साथै सिञ्चाइमा प्रयोग गरिनेछ ।

४.५.२ पहाडी क्षेत्रमा वाटर लिफि्टङ र वर्षादको पानी सङ्कलन गरी जलभण्डार प्रबर्द्धन गरिनेछ । खानेपानी समस्याको दीर्घकालीन समाधान गर्दै उक्त पानीलाई सिञ्चाइको लागि प्रयोग गरिनेछ ।

**४.६ मुलुकको प्रवेशद्वार (Gateway) बनाउने:** प्रदेश नं. १ लाई मुलकको प्रवेशद्वारका रुपमा विकास गरिनेछ ।

*प्रदेश नं. १ लाई मुलुकको प्रवेशद्वारका रूपमा विकास गर्ने*

४.६.१ एसियन हाइवेको माध्यमबाट चीन, भारत, बंगलादेश, भुटान, बर्मालगायत देशका नागरिकलाई नेपाल भित्र् याउन सद्भावना दूतसहितको विशेष योजना ल्याइनेछं ।

४.६.२ विराटनगरमा बन्ने क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र विद्युत निर्यातको सम्भावनायही प्रदेशमा रहेको छ ।

४.६.३ किमाथाङ्का, विराटनगर, काँकरभिट्टा, पशुपतिनगर नाकाहरूलाई सुचारु र व्यवस्थित गरिनेछ । जोगबनी नाकामा अध्यागमन कार्यालय स्थापना गरिनेछ ।

४.६.४ किमाथाङ्का-जोगबनी सडक सञ्चालन भएपछि यो प्रदेश भारत र चीनको महत्वपूर्ण व्यापारिक केन्द्र बन्ने यथार्थलाई मनन् गर्दै आवश्यक पूर्वाधार बनाइनेछ ।

**४.७. हवाइ सेवा :**

४.७.१ विराटनगरबाट पहाडी जिल्लाहरूमा नियमित रूपमा हवाइ सेवा सञ्चालन गरिनेछ। साथै, सम्भाब्यता अनुरूपका माउन्टेन फ्लाइट सञ्चालन गरिनेछ ।

*विराटनगरबाट पहाडी जिल्लाहरूमा नियमित हवाइ सेवा सञ्चालन*

४.७.२ पहाडी जिल्लामा रहेका विमानस्थलको स्तरोन्नति गर्नुका साथै सबै मौसममा उडान सञ्चालन हुनेव्यवस्था गरिनेछ ।

४.७.३ अन्तरप्रदेश तथा छिमेकी देशहरूमा हवाइ आवागमनको सम्भाव्यता अध्ययन गरी सोही अनुरूपको हवाइ यातायात सञ्चालन गरिनेछ ।

## ४.८ गरिबी निवारण:

४.८.१ गरिबीको रेखामुनि रहेका नागरिकलाई पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ । विपन्न नागरिकले पाउने सेवा सुविधाका लागि परिचयपत्रलाई नै आधार मानिनेछ ।

*गरिबीको रेखामुनि रहेका नागरिकलाई परिचयपत्र*

४.८.२ दलित, अल्पसंख्यक र लोपोन्मुख समुदायको आर्थिक, सामाजिक र शैक्षिक उत्थानको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

४.८.३ अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सहयोग सामग्री उत्पादन र विक्री वितरणको व्यवस्था मिलाइनेछ । भौतिक निर्माण अपाङ्गतामैत्री बनाउन भवन, सडक तथा सार्वजनिक सेवा आचारसंहिता लागू गरिनेछ । अपाङ्गता भएका व्यक्तिलाई सीप विकास, उद्यम प्रबर्द्धन र रोजगारीमा प्राथमिकता दिइनेछ ।

४.८.४ सेवा प्रवाहमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई अग्राधिकार दिइनेछ । आवधिक रूपमा निःशुल्क आँखा तथा दन्त शिविर सञ्चालन गरी स्वास्थ्योपचारको प्रबन्ध गरिनेछ ।

४.८.५ राज्यबाट प्रदान गर्ने सेवामा लक्षित समुदायको पहुँच स्थापित गर्न हरेक पालिकामा छुट्टै सामाजिक परिचालकको व्यवस्था गर्न सहयोग गरिनेछ ।

४.८.६. बाल संरक्षण गृह र ज्येष्ठ नागरिक संरक्षण केन्द्र, दिवा सेवा केन्द्रलाई प्रभावकारी बनाउन सहयोग गरिनेछ ।

## ४.९ शिक्षाः

४.९.१ हरेक पालिकामा न्यूनतम एउटा गुणस्तरीय प्रौद्योगिक शिक्षालय सञ्चालन गरिनेछ, प्रदेश सरकारले पूर्वाधार विकास र जनशक्ति आपूर्तिमा सहयोग गर्नेछ । साथै, प्रदेश स्तरीय प्रौद्योगिक महाविद्यालयमार्फत पाठ्यक्रम निर्माण, जनशक्ति विकास, नियमन र आबद्धता प्रदान गरिनेछ ।

*डिजिटल साक्षरता शैक्षिक विकास एवम् स्तर उन्नति कार्यक्रम*

४.९.२ गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक, प्रविधिक एवम् उद्यमशीलता प्रबर्द्धन गर्ने प्रकारको शिक्षामा जोड दिइनेछ।

४.९.३ विद्यालय तथा क्याम्पसको भौतिक संरचना आधुनिक र सुविधासम्पन्न बनाउन जोड दिइनेछ ।

४.९.४ सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरी अङ्ग्रेजी माध्यमबाट पठनपाठन र प्राविधिक शिक्षामा जोड दिइनेछ । शिक्षकलाई आवधिक रूपमा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

४.९.५ इन्टरनेट सुविधा र कम्प्युटर ल्याब सहित डिजिटल साक्षरता शैक्षिक विकास एवम् स्तर उन्नति कार्यक्रम ल्याइनेछ ।

४.९.६ विद्यालयको भौतिक पूर्वाधार विकास, शुद्ध पिउनेपानी र सफा शौचालयको व्यवस्था गरिनेछ ।

४.९.७ गरिबीको रेखामुनि रहेका जनताका छोराछोरीलाई प्राविधिक डिप्लोमा तहसम्मका लागि अनिवार्य शैक्षिक अवसर प्रदान गरिनेछ । सो कार्यका लागि मानव संसाधन विकास बैंक बनाइनेछ ।

*मानव संसाधन विकास बैंक स्थापना*

४.९.८ बीमा कम्पनीसँगको सहकार्यमा विपन्न वर्गका परिवारका छोरीको विद्यालय शिक्षा निरन्तरताका लागि छोरी शिक्षा बीमा कार्यक्रम लागू गरिनेछ ।

*विपन्न वर्गका परिवारका छोरीको निरन्तर शिक्षाको लागि छोरी शिक्षा बीमा*

४.९.९ प्रारम्भिक बाल विकासलाई पहिलो प्राथमिकता दिइनेछ। उक्त अवधिमा बालबालिकालाई बाल विकास, बालस्वास्थ्य तथा बालपोषण सहितको अनुशासन, सिर्जनशीलता र सरसफाइजस्ता कुरा सिकाइनेछ ।

## ४.१० खानी उद्योगः

४.१०.१ उदयपुरलाई क्लिङकरसहितको सिमेन्ट करिडोरको रूपमा विकास गरिनेछ ।

४.१०.२ उदयपुर सिमेन्ट कारखानाको क्षमता विस्तार गरी दैनिक १० हजार मे.टन उत्पादन क्षमताको बनाउन स्थानीय र प्रदेश सरकारको साझेदारी रहने गरी संघीय सरकार समक्ष सहकार्यको पहल गरिनेछ ।

*क्लिङकरसहितको सिमेन्ट करिडोर विकास र बहुमूल्य पत्थरमा आधारित जेम्सस्टोन उद्योग सञ्चालन*

४.१०.३ सङ्खुवासभा, ताप्लेजुङ लगायतका पहाडी जिल्लाहरूमा बहुमूल्य पत्थरमा आधारित जेम्सस्टोन उद्योग सञ्चालन गरिनेछ ।

४.१०.४ ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री उत्पादन तथा प्रशोधन गरी सर्वसुलभ मूल्यमा उपलब्ध गराउने व्यवस्था गरिनेछ। खानी तथा भूगर्भ विभागले पहिचान गरेका खानी क्षेत्रहरूमा निर्माण सामग्री उद्योगलाई स्थानान्तर गराई पालिका

र प्रदेश सरकार समेतको साझेदारीमा निर्माणजन्य खानी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**४.११ अन्तर्राष्ट्रिय सभागृहः** महत्वपूर्ण सभा सम्मेलन गर्न उपयुक्त स्थानमा अत्याधुनिक **सुविधासम्पन्न अन्तर्राष्ट्रिय स्तरको सभागृह निर्माण** गरिनेछ ।

**४.१२ आवास सुविधाविहीन आधारभूत वर्गः**

४.१२.१ आवास सुविधा विहीन वर्ग मुसहर, बाँतर, झाँगड, किसान लगायत विपन्न वर्गका नागरिकलाई पाँच वर्षभित्रमा आफ्नै निजी घरको मालिक बनाउने र फुसको छानो भएको झुपडीमा टिनको छाना लगाउने विशेष आवास योजना सञ्चालन गरिनेछ ।

४.१२.२ असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।

**४.१३ नदी नियन्त्रण तथा सौन्दर्यकरण :**

४.१३.१ बस्ती क्षेत्रमा पर्ने नदी, खोला र नहरहरूलाई प्रदूषणमुक्त बनाउन आवश्यक योजना बनाइनेछ ।

४.१३.२ ठूला र महत्वपूर्ण नदी, ताल तथा सिमसार जलाधार क्षेत्रको संरक्षणका लागि बेसिन एप्रोचमा आधारित एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१३.३ बाढीग्रस्त नदीहरूमा ग्रीन इन्जिनियरिङ प्रविधिबाट तटबन्धन गर्ने र हरियाली अभियानमा महिलाहरूलाई अग्रसर बनाई आयआर्जनको अवसर सिर्जना गरिनेछ ।

*बाढीग्रस्त नदीहरूमा ग्रीन इन्जिनियरिङ प्रविधिबाट तटबन्धन निर्माण*

**४.१५ पार्क तथा बाटिकाः** आवश्यक स्थानमा पुष्पवाटिका तथा वाईफाई सुविधासहितको पार्क निर्माण गर्न स्थानीय तहलाई उत्प्रेरित गरिनेछ ।

## ४.१६ कृषि :

४.१६.१ कृषि/पशुपंक्षी पालनलाई आधुनिकीकरण तथा व्यावसायीकरण गरिनेछ ।

४.१६.२ झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा सघनरूपमा धान, मकै, गहुँ र तोरी उत्पादनका लागि विशेष प्रोत्साहन दिइनेछं ।

४.१६.३ मल, बीउलगायतका कृषि सामग्री उपलब्ध गराउन पहल गरिनेछ ।

४.१६.४ फलफूल अनुसन्धान केन्द्रलाई विस्तार गरी यसको क्षमता र कार्य प्रभावकारिता बढाइनेछ ।

४.१६.५ सतह सिंचाइको व्यवस्था नभएको ठाउँमा **डिप बोरिङ सिञ्चाइ कार्यक्रम** लागू गरिनेछ ।

४.१६.६ कटहरीको जम्टोकीमा प्रदेश सरकारले निर्माण गरेको कृषि बजारको सुव्यवस्थापनर सुसञ्चालनको व्यवस्था मिलाइनेछं । साथै, प्रदेशभरि सम्भाव्य स्थानमा कृषि बजारको स्थापना तथा सुदृढीकरण गरिनेछ ।

४.१६.७ चिया, अलैंची, अदुवा, रुद्राक्ष लगायत कृषि उत्पादनका क्लस्टर क्षेत्रहरूमा सो सम्बन्धी अध्ययन अनुसन्धान, सेवा, प्रशोधन, बजार व्यवस्थापन गर्न संस्थागत तथा समन्वयात्मक प्रबन्ध गरिनेछ ।

४.१६.८ मध्यपहाडी लोकमार्गका आसपासको क्षेत्रलाई अर्ग्यानिक कृषि उत्पादन क्षेत्रको रूपमा विकास गरिनेछ ।

*मध्यपहाडी लोकमार्गका क्षेत्रमा अर्ग्यानिक कृषि उत्पादन*

४.१६.९ विराटनगर विमानस्थलमा शीत भण्डारको ब्यवस्था गरी प्रदेशका ताजा कृषि उपजको अन्तर्राष्ट्रिय निर्यातलाई प्रबर्द्धन गरिनेछ ।

४.१६.१० व्यावसायिक पशुपंक्षी तथा मत्स्यपालनलाई प्रोत्साहन गरिनेछ ।

४.१६.११ कृषि तथा पशुचिकित्सामा उच्चस्तरको जनशक्ति विकास गर्न शैक्षिक संस्थाहरूसँग सहकार्य गरिनेछ । उच्च शिक्षका लागि प्रदेश बाहिर अध्ययन गर्नेहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

४.१६.१२ प्राङ्गारिक मल उत्पादन गर्न किसानहरूलाई प्रविधि र जानकारीसहित प्रोत्साहन गरिनेछ । पशु व्यवसायी तथा सामुदायिक वनलाई प्राङ्गारिक मल कारखाना खोल्न सहजीकरण गरिनेछ ।

४.१६.१३ सामुदायिक वन लगायत वनको बहुउपयोगी उत्पादन प्रणालीलाई प्रोत्साहन दिइनेछ ।

## ४.१७ सडक तथा यातायातः

४.१७.१ संघीय राजधानी पुग्न छोटो बाटो सुनकोशी करिडोरको बाटो निर्माण कार्य गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

४.१७.२ एमालेको सरकारले सुरु गरेको प्रदेश गौरवको आयोजना लगायतका सम्पूर्ण योजनाहरू यथाशिघ्र सम्पन्न गरिनेछ ।

४.१७.३ प्रदेश सरकारसँग समन्वय गर्न स्थापित प्रदेश समन्वय परिषदलाई प्रभावकारी बनाई प्रदेशमा सञ्चालित सम्पूर्ण योजनाहरूलाई प्रदेशका स्थानीय तहसमेतको समन्वयमा प्रभावकारी ढङ्गले सम्पन्न गरिनेछ ।

४.१७.४ यातायात व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

४.१७.५ विद्युतीय सवारी साधन सञ्चालनका लागि नीति निर्माण र प्रोत्साहन गरिनेछ ।

४.१७.६ सामान तथा यात्रु परिवहनका लागि जल तथा रज्जूमार्ग निर्माण र सञ्चालन गरिनेछ ।

## ४.१८ युवा तथा खेलकुद

४.१८.१ मोरङको बैजनाथपुरको खेल मैदानलाई अन्तराष्ट्रिय खेलमैदानका रूपमा विकास गरिनेछ । विभिन्न

स्थानमा रहेका रंगशालाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न सकिनेगरी पूर्वाधार र सुविधाको व्यवस्था गरिनेछ ।

४.१८.२ सम्भाव्य क्षेत्रमा हाइअल्टिच्युड खेल प्रतियोगिता सञ्चालन हुने गरी पूर्वाधार विकास गरिनेछ ।

*हाइअल्टिच्युड खेल प्रतियोगिता सञ्चालनका लागि पूर्वाधार विकास*

४.१८.३ युवा वर्गको शारीरिक मानसिक विकासमा उपयोगी हुने विभिन्न खेल प्रतियोगितालाई प्रोत्साहन गरिनेछं । हरेक जिल्लामा रंगशाला र कबर्ड हल तथा हरेक पालिकामा खेलमैदान निर्माण गर्न स्थानीय तहलाई सहयोग गरिनेछ ।

४.१८.४ खेलकुद विषयहरूमा उच्च शिक्षा अध्ययन तथा आवासीय तालिमको व्यवस्था गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिन अर्को प्रदेश तथा विदेश जाने खेलाडीलाई प्रोत्साहन भत्ता दिइनेछ ।

४.१८.५ बालक्लब, युवाक्लब, किशोरी सञ्जाल र आमा समूहलाई रचनात्मक काममा परिचालन गरिनेछ ।

## ४.१९ भाषा, कला र संस्कृति :

४.१९.१ मातृभाषामा आधारभूत शिक्षाको व्यवस्था गरिनेछ ।

४.१९.२ भाषा आयोगले सिफारिस गरेका भाषाहरूको विकासको लागि कानुनी र संरचनागत व्यवस्था गरिनेछ ।

४.१९.३ यस प्रदेशको आदिवासी समुदायको सर्वाङ्गीण विकासको लागि आदिवासी जनजाति सांस्कृतिक केन्द्र मार्फत सामाजिक, सांस्कृतिक, भाषिक उत्थानको कार्यक्रमहरू गरिनेछं ।

*आदिवासी जनजाति सांस्कृतिक केन्द्र*

४.१९.४ आवश्यक ठाउँमा जातीय परम्परा अनुसारको दाहसंस्कार स्थल निर्माण गरिनेछ ।

४.१९.५ सघन बस्ती भएको ठाउँका नदी किनारमा छठ पूजास्थल बनाइनेछ ।

४.१९.६ साहित्य तथा कलाका विविध विधाको सम्बर्द्धन र प्रबर्द्धन गर्न प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन संशोधन गरी प्रतिष्ठानलाई स्वायत्तता प्रदान गरिनेछ ।

४.१९.७ प्रदेशभित्र रहेका पुरातात्विक महत्वका क्षेत्रहरूको अन्वेषण, संरक्षण, प्रबर्द्धन गरिनेछ ।

**४.२० स्थास्थ्य र सरसफाइः**

४.२०.१ निरोधात्मक र प्रतिरोधात्मक दुवै स्वास्थ्य पद्धतिहरूलाई प्रबर्द्धन गरिनेछ । उपचारात्मक सेवाको अतिरिक्त वैकल्पिक स्वास्थ्य उपचारका क्षेत्रमा आयुर्वेद, योग विज्ञान, प्राकृतिक, होमियाप्याथिक लगायतका सबै चिकित्सा पद्धतिलाई प्रबर्द्धन र विस्तार गर्न विशेष सहयोग गरिनेछ ।

४.२०.२ प्रदेशभित्र सञ्चालनमा रहेका अस्पताल, स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टरको मर्मत सुधार तथा सेवाको स्तरोन्नति गरिनेछ ।

४.२०.३ विरामीको अस्पताल पहुँच सहज बनाउन ठाउँठाउँमा एकीकृत एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

४.२०.४ प्रदेशभित्रका सबै परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा समेटिनेछ । विपन्न तथा अपाङ्गहरूका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ ।

*विपन्न तथा अपाङ्गता भएकाहरुका लागि निःशुल्क स्वास्थ्य बीमा*

४.२०.५ विद्यमान खानेपानी प्रणालीका स्रोत र मुहानहरूमा आधुनिक प्रशोधन प्रणालीको व्यवस्था गरी शुद्ध, प्रशोधित, आर्सेनिक मुक्त र गुणस्तरीय पिउनेपानी व्यवस्था गरिनेछ ।

४.२०.६ विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.२०.७ प्रमुख अस्पतालहरूमा रोग अनुसन्धानशाला स्थापना गरिनेछ ।

४.२०.८ नसर्ने कडा रोगको उपचारका साथै डायलासिस, केमोथेरापी, नियमित रुपमा रगत परिवर्तन गर्नुपर्ने विरामी, अटिज्म, अल्जाइमर, मधुमेह, श्वासप्रश्वास जस्ता रोगको उपचारको लागि संघीय योजना अनुसारको प्रबन्ध गरिनेछ ।

## ४.२१ उद्योग व्यवसायः

४.२१.१ विराटनगर-दुहबी-इटहरी, कटहरी-रंगेली, विराटनगर-ग्रामथान-सुन्दरहरैंचा लगायत सम्भाव्य स्थानमा औद्योगिक करिडोर विस्तार गरिनेछ । ग्रामथान, कटहरी र सुन्दरहरैँचा लगायत चुरे तराईको संगम स्थलहरूमा कृषि उत्पादनमा आधारित नयाँ उद्योगर बजार केन्द्र स्थापना गर्न सहयोग गरिनेछ ।

४.२१.२ मदन भण्डारी राजमार्ग, पुष्पलाल लोकमार्गमा बस्ती, बजार तथा औद्योगिक विकासका लागि आवश्यक नीतिर भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

४.२१.३ साना र घरेलु उद्योगलाई प्रबर्द्धन गर्न नीतिगत व्यवस्था गरिनेछ । उत्पादित बस्तुको बजारीकरण र बजार पहुँचमा सहजीकरण गरिनेछ ।

४.२१.४ हस्तकला, धातुकला, ललितकला र काष्टकलालाई प्रबर्द्धन गर्न विशेष नीति ल्याइनेछ । उनीहरूलाई लक्षित गरी उद्यमशीलता विकास पाठशाला सञ्चालन गरिनेछ । पाठशालाको सिफारिसमा परियोजना धितो राखी बैंकबाट सहुलियतमा कर्जा दिने व्यवस्था मिलाइनेछ ।

४.२१.५ कृषि उत्पादन अभिवृद्धिका लागि प्रविधि, सूचना, उपकरण, समन्वय, शीत भण्डार र बजारीकरणको प्रबन्ध गरिनेछ ।

४.२१.६ स्वदेशी कच्चा पदार्थमा आधारित कृषि एवं पशुपालन उद्योगको प्रबर्द्धन गरिनेछ ।

४.२१.७ प्रदेश स्तरीय प्रदर्शनी केन्द्र सञ्चालन गरिनेछ ।

४.२१.८ सार्वजनिक निजी तथा वैदेशिक लगानीलाई प्रबर्द्धन गर्न लगानी प्राधिकरणको सुदृढीकरण गरिनेछ ।

## ४.२२ रोजगारीः

४.२२.१ रोजगारी बैंकमार्फत बेरोजगार युवालाई रोजगारी प्रदान गरिनेछ । बजारको माग अनुरुपको सीप र तालिमको प्रबन्ध गरिनेछ ।

४.२२.२ युवा र महिलालाई सीपमूलक तालिम, पर्वतारोहण तालिम, पर्यटक गाइड तालिम तथा क्षमता विकासका तालिम सञ्चालन गरी दक्षताको आधारमा रोजगारी र स्वरोजगारीप्रदान गर्न स्थानीय तहसँग समन्वय गरिनेछ ।

४.२२.३ वैदेशिक रोगजारीमा जाने यस प्रदेशका नागरिकलाई लक्षित गरी मेरो पसिना मेरो प्रदेश कार्यक्रम लागू गरिनेछ । यसबाट युवालाई प्रदेशभित्रै रोजगारबन्न तथा कमाएको पैसा र सीपलाई उत्पादनमूलक कामका लगाउन प्रोत्साहित गरिनेछ । फर्किएकालाई उद्यमशीलता विषयको निःशुल्क तालिम दिई व्यवसाय गर्न सहुलियत कर्जा, बीउ र प्रविधि उपलब्ध गराइनेछ ।

*रोजगारी बैंकमार्फत बेरोजगार युवालाई रोजगारी प्रदान र वैदेशिक रोगजारीमा जाने नागरिकका लागि मेरो पसिना मेरो प्रदेश कार्यक्रम*

## ४.२३ शान्ति सुरक्षा

४.२३.१ प्रदेश प्रहरीको व्यवस्था गरी प्रादेशिक जिम्मेवारी अन्तरगत पालिकासँगको समन्वय तथा सहकार्यमा सामुदायिक प्रहरीको व्यवस्था गरिनेछ ।

४.२३.२ सुरक्षा संवेदनशीलताको आधारमा आवश्यक ठाउँमा प्रहरी चौकी स्थापना गरिनेछ ।

४.२३.३ राजमार्गको सुरक्षाको लागि सूचना प्रविधिमा आधारित आधुनिक सुरक्षा व्यवस्था लागू गरिनेछ । महत्वपूर्ण स्थानहरूमा सीसीटिभी जडान गरिनेछ ।

*सूचना प्रविधिमा आधारित आधुनिक सुरक्षा व्यवस्था*

४.२३.४ लागू पदार्थ दुर्व्यसन, चोरी निकासीपैठारी, मानव बेचविखन लगायतका गतिविधिलाई नियन्त्रण गर्न सामाजिक चेतना अभिवृद्धिका साथै मनोसामाजिक उपचार तथा सुरक्षाको प्रबन्ध गरिनेछ ।

## ४.२४ विज्ञान तथा प्रविधिः

४.२४.१ वैज्ञानिक खोज तथा अनुसन्धानमा विद्यार्थी, युवा तथा विज्ञ अनुसन्धाताहरूलाई आकर्षित गर्न विज्ञान तथा नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ ।

*विज्ञान तथा नवप्रवर्तन केन्द्र र तथ्याङ्क केन्द्र तथा डाटा बैंक स्थापना*

४.२४.२ सम्बन्धित निकायको सिफारिसमा विदेशमा हुने सेमिनारमा कार्यपत्र प्रस्तोता, वक्ता तथा सहभागीका रूपमा भाग लिन आर्थिक सहयोग गरिनेछ ।

४.२४.३ विज्ञानसम्बन्धी अनुसन्धान तथा नवप्रवर्तनमा लाग्न चाहने युवालाई अध्ययन वृत्ति प्रदान गरिनेछ ।

४.२४.४ डिजिटल प्रदेशको अभियानलाई निरन्तरता दिइनेछ ।

४.२४.५ तथ्याङ्क केन्द्र तथा डाटा बैंक स्थापना गरी सूचना प्रवाहलाई व्यवस्थित र आधिकारिक बनाइनेछ। निजी क्षेत्रलाई डाटा बैंक स्थापना गर्न प्रोत्साहित गरिनेछ।

## ४.२५ जलवायु तथा वातावरण

४.२५.१ प्राकृतिक स्रोतको अनुचित दोहनलाई नियन्त्रण गरी विकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ। जलबायु परिवर्तनको असर न्यूनीकरण गर्न चुरे क्षेत्रमा पोखरी निर्माण, सिमसार संरक्षण, तालतलैया ब्यवस्थापन गरिनेछ। सम्भव भएका सबै ठाउँमा जनसहभागितामा आधारित एक गाउँ एक पोखरी कार्यक्रम लागू गरिनेछ।

४.२५.२ जलवायु अनुकुलन र वातावरणमैत्री विकास प्रणाली अवलम्बन गरी सफा, स्वच्छ, र हरित वातावरणको प्रबर्धन गरिनेछ।

*जलवायु अनुकुलन र वातावरणमैत्री विकास प्रणाली*

४.२५.३ निरन्तर रूपमा बाढी, पहिरो, वन्यजन्तु लगायतबाट हुने जोखिम न्यूनीकरण गर्न त्यस्ता जोखिममा परेका वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

४.२५.४ नदी प्रणालीमा जलाधार संरक्षणमा आधारित वन व्यवस्थापन गर्दै माथिल्लो तटीय क्षेत्रमा वायो ईन्जिनियरिङ्गसहितको फलफुल खेती, भावर र भित्री मधेशमा कृषि वन तथा दक्षिण तराईमा व्यापक वृक्षरोपण सहितको “तराई मधेश हरियाली वन विकास कार्यक्रम” लाई थप प्रभावकारी बनाइनेछ।

४.२५.५ विद्युतीय सवारी यातायातलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक निजीसाझेदारीमा विद्युतीय बस सेवा सञ्चालन गरिनेछ।

४.२५.६ कृषि प्रणालीलाई जलवायु परिवर्तन अनुकुल बनाउन मौसम परिवर्तनको जानकारी दिन र किसानको समस्या सम्बोधन गर्न टोल फ्री नम्बरको व्यवस्था गरिनेछ।

४.२५.७ यस प्रदेशका किसानलाई अर्ग्यानिक र जैविक खेतीतर्फ प्रोत्साहित गरिनेछ।

४.२५.८ मुख्य सहरहरूमा साइकल लेन र पैदल लेनको ब्यवस्था गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

४.२५.९ सबै माध्यमिक विद्यालयमा जलवायु परिवर्तन सम्बन्धी शिक्षा दिने व्यवस्था गरिने छ।

## ४.२६ राजश्व परिचालन

४.२६.१ राजश्व परिचालन र विस्तार गर्न आवश्यक अध्ययन गरी सेवाग्राहीले समुचित सेवा सरल ढङ्गले प्राप्त गर्नेगरी राजश्व नीति परिचालन गरिनेछ।

४.२६.२ राजश्वको क्षेत्र तथा परिमाण विस्तार गर्न सकिने क्षेत्रहरूमा उक्त क्षेत्रबाट प्राप्त राजश्वको अधिकांश रकम सोही क्षेत्रमा लगानी गर्ने गरी राजश्वको दर निर्धारण गरिनेछ। यथासंभव स्थानीय तहमार्फत राजश्व उठाउने र उठेको राजश्वको अधिकांश रकम सोही क्षेत्रको विकासका लागि स्थानीय तहमार्फत नै लगानी गर्ने नीति लिइनेछ।

४.२६.३ नेपालको संविधानको अनुसूची-६ अनुसार प्रदेशको अधिकार क्षेत्रमा रहेको विषयमा प्रदेशले नै राजश्व प्रशासन तथा निर्धारण गर्ने प्रबन्धका लागि पहल गरिनेछ।

**५. प्रदेश सरकारका प्रमुख उपलब्धिहरूः** नेकपा एमालेको नेतृत्वमा कमरेड शेरधन राई रकमरेड भीम आचार्य मुख्यमन्त्री रहेका दुईवटा सरकारले यस प्रदेशमा ३ वर्ष ८ महिना काम गरेका थिए । कतिपय संरचनागत सुधारका काम गर्नुपर्ने बाध्यताकाबीच कोरोनाको प्रकोप झेल्दै र राजनीतिक विरोधको सामना गर्दै अपेक्षाकृत महत्वपूर्ण काम गरेको छ । तीमध्ये केही महत्वपूर्ण उपलब्धिहरू यहाँ प्रस्तुत गरिएको छ ।[४]

- आ.व. २०६६/०७७मासमग्र प्रगति ७०.८४ प्रतिशत भएको, प्रदेशको प्रतिव्यक्ति आय ८९० बाट बढेर १०७३ डलर पुगेको र प्रदेशको आर्थिक वृद्धि दर राष्ट्रिय औसतभन्दा माथि पुगेको
- कोभिड-१९ विरुद्ध लड्न २५ करोडको कोरोना जनसुरक्षा कोष खडा गरी अभियान सञ्चालन गरिएको, १० दिनमा कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र निर्माण गरिएको । आइसियु, भ्यान्टिलेटर सहितको प्रदेश भरिमा ६६७० शैयाको अस्पताल, ३१० क्वारेन्टाइन स्थापना गरी ६२२१ संक्रमितलाई सेवा दिएको र ७ वटा होल्डिङ एरियामा १८६४ जना राखिएको
- प्रदेश सरकारका अंगहरू प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, प्रदेश लगानी प्राधिकरण र प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गरिएको
- कृषि बजारीकरण, कृषि आयमा वृद्धि गर्न साना तथा मझौला उद्योग विकास गर्न पाँच वर्षे कृषि बजार विकास कार्यक्रम लागू गरिएको
- यस अवधिमा ११२०३ नयाँ दर्ता भई उद्योगको संख्या १३५०२ पुगेको र ४५१८९ रोजगारी सिर्जना भएको
- विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल बनाउन नागरिक उड्डयन प्राधिकरण र विराटनगर महानगरपालिकासँग सम्झौता गराई पूर्वको हवाइद्वार बनाउने दिशामा काम भएको

४ स्रोतः प्रदेश सरकारका उपलब्धिहरू, प्रदेश सरकार प्रदेश नं.१

- ६३० हेक्टरमा बृक्षरोपण, ५३ सिमसार क्षेत्रको प्रबर्द्धन र ४ क्षेत्रमा हरित पार्क निर्माण भएको
- १४ जिल्लामा विज्ञ सहितको भूमिसम्बन्धी आयोग बनाई कार्यारम्भ गरिएको
- प्रदेशको खाद्यान्न माग ९४२७०० मे.ट. रहेकोमा १४ लाख १० हजार ४सय मे.ट.उत्पादन भई प्रदेश आत्मनिर्भरतातर्फ अग्रसर भएको
- बेमौसमी तरकारी खेतीका लागि २५ वटा संरक्षित कृषि संरचना बनाउन ६ करोड ३० लाख रुपैयाँ अनुदान दिएको
- चिया खेतीको विकास र विस्तारका लागि इलामको कन्याममा चिया परीक्षण, अनुसन्धान रप्रबर्द्धन केन्द्र स्थापना गरिएको
- प्रदेशको सहकारी संस्थाहरू दर्ता, नियमन तथा अनुगमनका लागि इटहरीमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गरिएको
- प्रदेश प्रहरी मुख्यालय, प्रहरी चौकी ४९तथा सीमा सुरक्षा चौकी १३ वटा निर्माण भएको
- १४ जिल्लाका १४ स्थानीय तहका लागि बारुणयन्त्र, विभिन्न कार्यालयका लागि १४ वटा पिकअप भ्यान खरिद गरी हस्तान्तरण गरिएको
- सुरक्षा निकायलाई २१ वटा पिकअप भ्यान र ५२५ मोटरसाइकल प्रदान गरिएको
- झापा, मोरङ र सुनसरीका महत्वपूर्ण सहरमा सिसिटिभी जडान गरिएको
- पत्रकार जगतको संस्थागत विकासका लागि पत्रकार सुरक्षा कोष, प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गर्नुका साथै उत्कृष्ट योगदान गर्ने अग्रज पत्रकारलाई सम्मान गर्न थालिएको
- किशोर तथा युवाहरूका लागि ‘म अघि बढ्छु’ कार्यक्रमबाट २००० विद्यालयमा सगरमाथा टिन्ज क्लब खोली २ लाख विद्यार्थी परिचालन गरिएको

- सतह सिञ्चाइबाट नयाँ ३२६७ हेक्टर र पुरानो १५८५९ हेक्टरलाई समेत गरी कुल १९६७६ हेक्टरमा सिञ्चाइ सुविधा पुऱ्याइएको
- ३८ किमि तटबन्धन गरी नदी नियन्त्रण गरिएको तथा प्रदेशका ९७.५ प्रतिशत जनतामा खानेपानी सुविधा पुऱ्याइएको
- १४ वटै जिल्लालाई खुला दिसामुक्त र पूर्ण साक्षर जिल्ला घोषणा गरिएको
- घिनाघाट-विराटचौक २२.५ किमि चार लेनको सडक निर्माण कार्य अगाडि बढाइएको
- गाउँलाई सदरमुकामसँग जोड्ने ८६ वटा सडकको १६५.४ किमि ट्राक खोल्ने काम भएको
- प्रदेशमा रहेका यातायात व्यवस्था तथा सेवा प्रवाह कार्यालयमा टोकन प्रणाली लागू गरिएको
- जनता आवास कार्यक्रम अन्तरगत ३४०० घरहरू निर्माण गरिएको, १४७४ निर्माणाधीन रहेको र ११०० वटाको निर्माण सम्झौता भएको
- प्रदेशका ५९९ आधारभूत विद्यालयमा सूचना प्रविधिको पहुँच भएको, ५१७ सामुदायिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, १६५ सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला, २४९ विद्यालयमा शुद्ध पिउने पानी, १३७ विद्यालयमा छात्रा शौचालय तथा ३३४ विद्यालयको भवन निर्माणमा सहयोग गरेको
- ८४ सामुदायिक क्याम्पसमा सूचना प्रविधि प्रयोगशाला र ९० वटामा व्यवस्थापकीय सुधार गरिएको
- अपाङ्गता भएका ७८ जना विद्यार्थी तथा एमबीबीएस अध्ययनगर्ने ८ जना विपन्न परिवारका विद्यार्थीलाई जनही दश लाख रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको
- दन्त उपहार कार्यक्रम अन्तरगत ५०० ज्येष्ठ नागरिकलाई दन्त परीक्षण, दन्त उपचार तथा दन्त उपहार प्रदान गरिएको
- प्रदेशका ७० वटा विद्यालयमा विद्यालय नर्सिङ कार्यक्रम सुरू गरिएको


- मोरङ जिल्लाको मंगलबारे अस्पताललाई ट्रमा सेन्टरमा रुपान्तरण गरी ५० शैयाको बनाइएको
- मोरङ जिल्लाको ग्रामथानमा ज्येष्ठ नागरिकग्राम, मानव सेवा आश्रम तथा बाल ज्ञान केन्द्र स्थापना हेतु ११ विघा जमिन प्राप्त गरी निर्माण आरम्भ भएको
- ५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई सहयोग र २७७० ज्येष्ठ नागरिकलाई जनही नगद रकमसहित सम्मान गरिएको
- प्रदेशका १३७ स्थानीय तहमा खेल मैदान निर्माण भएको
- विराटनगर शहीद रंगशालामा फ्लडलाइट जडानपछि रात्रिकालीन खेल हुनथालेको
- भाषा, कला र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने ३४ जना स्रष्टालाई सम्मान गरिएको
- प्रदेशको ऐतिहासिक तथा पौराणिक महत्व बोकेका भोजपुरको हतुवागढी, सुनसरीको बिजयपुर, मोरङको विराटराजा दरबार, झापाको कीचकबध, पाँचथरको छितिहाङ र उदयपुरको चौदण्डी गढीको अध्ययन गरी वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गरिएको
- सोलुखुम्बु, भोजपुर, संखुवासभा र खोटाङको सांस्कृतिक एवम् पर्यटकीय विकासका लागि महत्वपूर्ण मुन्धुम ट्रेल पदमार्ग सुरु गरिएको

# एमालेको आह्वान सूर्यमा मतदान



**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषित भएपछि दोस्रो पल्ट प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन आगामी मंसिर ४ गते हुन गइरहेको छ । 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सन्दर्भमा हाम्रो पार्टीको केन्द्रीय कमिटीद्वारा जारी घोषणा-पत्रले महत्वपूर्ण विषयहरू अगाडि सारेको छ । त्यसमा योगदान गर्न नेकपा (एमाले) परिवार दृढ सङ्कल्पित छ । निर्वाचनपछि संघीय र प्रदेश सरकार गठन हुनेछ । यो प्रतिबद्धता-पत्रमा मूलभूत रूपमा प्रदेश सरकारले गर्नुपर्ने विषयहरू समेटिएका छन् । लोकतान्त्रिक आचरण र मर्यादालाई कायम राखी स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको गुरूत्वर दायित्व पूरा गर्न सार्थक योगदान गर्न ती विषयहरू महत्वपूर्ण छन् । तिनलाई पूरा गर्न सघाउनु यस प्रदेशका सम्पूर्ण नागरिकको कर्तव्य हो । प्रतिबद्धता-पत्रमा उल्लेखित विषयहरूलाई व्यावहारिक रूपमा लागू गर्न नेकपा (एमाले)को सरकार बन्न जरुरी छ । तसर्थ, आगामी निर्वाचनमा नेकपा (एमाले)को चुनाव चिन्ह सूर्यमा मतदान गरी सूर्य ध्वजावाहक उमेद्वारहरूलाई अत्यधिक बहुमतले विजयी गराउन हार्दिक अनुरोध गर्दछौं ।



मुद्रक: गजुरमुखी प्रिन्टर्स, विराटनगर, फोन नं. ०२१-५७३५८०